Rupantaran : A Multidisciplinary Journal
Vol. III : 131-138, March, 2020
ISSN : 2091-0061
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# शिक्षामा गुरुवा आचार्यको महत्ता: यज्ञवल्क्य स्मृतिको सन्दर्भ

डा. जनार्दन घिमिरे[1]
*इमेल :* janardanghimire06@gmail.com

## सार

*पूर्वीय चिन्तनमा स्मृति ग्रन्थहरू श्रुति ग्रन्थहरूपछि विकास भएका हुन् । मनुस्मृतिपछि विकास भएको याज्ञवल्क्य स्मृतिमा तत्कालीन समाजका व्यवस्थापन सम्बन्धी नीति तथा आचरण शास्त्रीय विषयवस्तुहरू समेटिएका छन् । के यस्ता पुराना ग्रन्थहरूमा यस जमानामा काम लाग्ने विषय हुन सक्लान् ? "उहिलेका कुरा खुइले" भन्ने उखान सार्थक हुने हो या "Old is gold" भन्ने उखान सार्थक हुने भन्ने मानसिक द्वन्द्वले यो लेखका लागि उत्प्रेरित गऱ्यो । यो लेखको मुख्य उद्देश्य याज्ञवल्क्य स्मृतिमा निहित गुरु सम्बन्धी विषयवस्तुको विश्लेषण गर्नु छ । याज्ञवल्क्य स्मृतिमा गुरुको भूमिकालाई कसरी व्याख्या गरिएको छ ? भन्ने अनुसन्धान प्रश्नको उत्तर यस लेखमा समेटिएको छ । यो लेख तयार गर्न गरिएको अध्ययनको ढाँचा व्याख्यात्मक छ । नौ चरणीय पढाइ र हर्मेन्युटिक्स (hermeneutics) विधिको प्रयोग गरी यो अध्ययन सम्पन्न गरिएको छ । याज्ञवल्क्य स्मृतिका आधिकारिक व्याख्याहरूको अध्ययन गरी अर्थ निर्माण (Meaning making) गरिएको छ । यस स्मृतिले मातालाई सर्वाधिक श्रेष्ठ गुरुको रूपमा चित्रण गरेको छ । गुरु, आचार्य र उपाध्याय क्रमश: उच्चदेखि न्यून दर्जाका अध्यापकहरू हुन् । गुरू र आचार्य स्वयंसेवी अध्यापक हुन् भने उपाध्याय वेतन भोगी शिक्षक हुन् । ऋत्विज् (यज्ञ गराउने व्यक्ति) लाई पनि स्मृतिले सम्मानित स्थान प्रदान गरेको छ । आमा, आचार्य, उपाध्याय र ऋत्विज क्रमश: उच्चदेखि न्यून क्रमको सम्मान प्राप्त गर्ने व्यक्तित्व हुन् । यी गुरुका रूपमा अवस्थित व्यक्तित्वहरू आदरणीय, भक्ति र सम्मानयोग्य, कल्याण दायक र महान् हुन्छन् । गुरुप्रति ईर्ष्या, द्वेष, मिथ्या आरोप र क्रोध गर्ने व्यक्ति ब्रह्महत्या समानको पापको भागी हुनजान्छ । व्यक्ति तथा समाजलाई सत्मार्गमा लाग्न उत्प्रेरित गर्ने यस्ता ग्रन्थहरू हराउने खतरामा रहेकाले यिनको संरक्षण र यीमाथिको अध्ययन अनुसन्धानमा अपेक्षित छ ।*

**मुख्य शब्दहरू:** याज्ञवल्क्य स्मृति, माता, गुरू, आचार्य, उपाध्याय, ऋत्विज्

## सन्दर्भ उठान

पूर्वीय चिन्तन परम्परामा विकासित ज्ञान (विज्ञानसँग परिचित हुने अवसर हामीलाई कम भयो । किनकि हाम्रो औपचारिक शिक्षाबाट यस्ता विषयवस्तुहरू हटाइयो । आधुनिक शिक्षा परम्पराले वैदिक ग्रन्थहरूलाई स्थान दिन सकेन । पश्चिमा ज्ञान जान्नैपर्ने र पूर्वीय ज्ञान नजाने पनि हुने भयो । यस्ता शास्त्रहरूको आलोचना पनि भए । के हाम्रा पुर्खाहरूले नासोको रूपमा हाम्रा लागि छोडेर गएका ज्ञान सम्पदा निकम्मा भएर नै यस्तो भएको हो त ? यो प्रश्न दिमागमा घर गरिरहन्थ्यो ।

पूर्वीय दर्शन सम्बन्धी विषयमा पठनपाठन गर्ने सन्दर्भमा तथा अध्ययन अनुसन्धान गर्ने सन्दर्भमा पूर्वीय चिन्तनका स्रोत ग्रन्थहरूसम्म पुग्ने अवसर प्राप्त भयो । पूर्वमा विकास भएका ग्रन्थहरू असङ्ख्य रहेछन् । जस्तै

१. लेखक त्रि.वि. विश्वविद्यालय क्याम्पस, कीर्तिपुरमा शिक्षाको आधार विषयको प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

वेद, वेदाङ्ग, उपनिषद्, श्रुति, स्मृति, नामक छाता ग्रन्थहरू भित्र अन्य कैयन् उपग्रन्थहरू रहेछन् र ती ग्रन्थहरू नै पूर्वीय दर्शन तथा आचरणसम्बन्धी नियमका आधार रहेछन् । ती शास्त्रहरूको भित्र धर्म, दर्शन, भाषा, साहित्य, औषधि विज्ञान, व्यवहार विज्ञान, समाज विज्ञान, जीवन जिउने कला आदि जस्ता विषयवस्तुहरू समेटिएका रहेछन् । अध्ययन गर्दै जाँदा यस्तो अनुभूति हुन्छ कि महत्त्वहीन भएर यिनको पठनपाठन गर्न छोडिएको होइन रहेछ । सायद दुषित राजनीतिका कारण यस्तो भएको हुनसक्छ । यो खोजको विषय पनि हो । यस्ता महत्त्वपूर्ण ज्ञानविज्ञानका विषयहरूको अध्ययनमा हाम्रो पहुँच नपुगिरहेको परिवेशमा त्यसमा निहित ज्ञानसम्म पुग्ने प्रयत्न गर्नु आवश्यक थियो ।

शिक्षाशास्त्रसँग सम्बन्धित पेसा अवलम्बन गरिरहँदा पूर्वीय चिन्तनमा शिक्षासम्बन्धी विषयमा के भनिएको होला भन्ने जिज्ञासा जागृत भइरहन्छ। माथि भनिसकिएको छ कि पूर्वीय चिन्तन परम्परामा शास्त्रहरूको महासागर छ । उक्त महासागर कुनै एक छेउ हेर्ने मात्र सामर्थ्यता हामीसँग हुनेरहेछ । त्यसैले स्मृति ग्रन्थहरू मध्येको याज्ञवल्क्य स्मृतिलाई यस लेखको सन्दर्भमा अध्ययनको विषय बनाइएको छ । विभिन्न किसिमका ज्ञानहरूको सङ्ग्रहले सम्पन्न उक्त स्मृतिग्रन्थबाट शिक्षक वा गुरूसँग सम्बन्धित विषयको मात्र खोजी गर्ने प्रयास गरिएको छ। त्यसैले यस लेखले "याज्ञवल्क्य स्मृतिमा गुरूको भूमिकालाई कसरी व्याख्या गरिएको छ ?" भन्ने अनुसन्धान प्रश्नको उत्तर खोजेको छ ।

शिक्षाशास्त्र सङ्कायमा पूर्वीय दर्शन सम्बन्धी विषय पनि पाठ्यक्रममा समाविष्ट छ। पूर्वीय चिन्तनमा शैक्षिक व्यवस्थाको ज्ञान स्मृतिग्रन्थहरूमा बढी पाइन्छ र त्यस प्रकारको ज्ञान आधिकारिक पनि मानिन्छ। तीमध्ये पनि याज्ञवल्क्य स्मृतिमा शिक्षा सम्बन्धी बिषयहरूको पर्याप्तता छ। यो सानो लेखमा उक्त स्मृतिमा निहित सबै विषयहरू समेट्न नसकिने भएकोले केवल शिक्षक वा गुरूसँग सम्बन्धित विषय मात्र उठान गरिएको छ। विशेषत शिक्षा दर्शनको अध्यापन गर्ने शिक्षक र अध्ययनका लागि इच्छुक विद्यार्थीहरूलाई मध्यनजर गरी यो लेख तयार गरिएको छ ।

## विधि र सामग्री

प्राचीन वैदिक ग्रन्थहरूमाथि अनुसन्धान गर्ने प्रचलन हाम्रा विश्वविद्यालयहरूमा ज्यादै कम छ । भर्खरै यस्ता ग्रन्थमाथि ज्यादै कम सङ्ख्यामा अनुसन्धान गर्ने कम सुरु भएकोले धेरै किसिमका विधिहरू पनि विकास भैसकेका छैनन् । Ghimire (2017) ले "नौ चरणीय पढाई" विधिको प्रयोग गरी शास्त्रमाथि अध्ययन गरेको देखिन्छ। उक्त विधिले उल्लेख गरेका प्रक्रियाहरू पनि यो लेख तयार गर्न उपयोग भएको छ। पश्चिमा जगतमा यस्ता शास्त्र अध्यन गर्न हर्मेन्यूटिक्स (Oliver,1983) नामक विधि प्रयोग गरिन्छ। जसमा शास्त्रहरूका शब्द तथा वाक्यहरूको अर्थ लगाउने गरिन्छ (Crotty, 1998)। उक्त विधिका केही प्रक्रिया पनि यहाँ प्रयोग भएका छन् । Rukmani (2008) ले पनि वैदिक ग्रन्थहरूको अध्ययन मा हर्मेन्यूटिक्स उपयोगी हुने राय दिएका छन्। उल्लिखित विधिहरूको सेरोफेरोमा उक्त स्मृतिग्रन्थको अध्ययन गरिएको थियो । अधिकारिक मानिएका यज्ञवल्क्य स्मृतिका व्याख्याहरू अध्ययन गरी बुँदा टिपोट गरियो र ती बुँदाहरूबाट आफ्नो बुझाई अनुसारको अर्थ निर्माण गरियो । निर्माण गरिएको अर्थबाट विभिन्न शीर्षक उपशीर्षकहरू पहिचान गरियो र बुझाइको व्याख्या विश्लेषण गरियो । विभिन्न व्याख्याकारहरूले गरेको व्याख्यासँग पनि आफ्नो व्याख्याको तालमेलको अवस्था परीक्षण गरियो । त्यसैले यस लेखमा गरिएको यज्ञवल्क्य स्मृतिमा निहित गुरू सम्बन्धी बिषयवस्तुको व्याख्या सङ्गतिपूर्ण छ ।

## परिणम र छलफल

### स्मृति ग्रन्थको सामान्य परिचय

वैदिक चिन्तनभित्र अनेकौ ग्रन्थहरू छन् । ती ग्रन्थहरूमध्ये स्मृति ग्रन्थहरू श्रुतिपछिका महत्त्वपूर्ण ग्रन्थ हुन् । श्रुति शब्दले वेदलाई जनाउँछ। प्रचीन समयमा जुनवेला लेखन परम्पराको विकास भएको थिएन, त्यसवेला

ऋषि-महर्षिहरूले आर्जन गरेको ज्ञान आफ्ना शिष्यहरूलाई कण्ठ गर्न लगाउँथे । यसरी गुरुले शिष्यलाई कण्ठ गराउँदै जाने परंपराबाट श्रुति ग्रन्थहरू विकास भएको विश्वास गरिन्छ । त्यसपछि जब लेखन कलाको विकास भयो, ऋषिमुनिहरूले आफूले आर्जन गरेको ज्ञानलाई स्मरण गरी ग्रन्थहरू लेखे । त्यस्ता ग्रन्थहरू स्मृतिको नामले परिचित छन् ।

स्मृतिको अर्थ हो -स्मरण । अर्थात् स्मृति गरेर लेखिएको ग्रन्थ नै स्मृति हुन् । स्मृतिलाई धर्मशास्त्रको पर्यायवाची नामले पनि चिनिन्छ (द्विवेदी १९१७) । महत्त्वका दृष्टिले स्मृति ग्रन्थहरू वेदहरूपछिका दोस्रो महत्त्वपूर्ण ग्रन्थ हुन् (दुवे, १९८८) । स्मर्शते इति स्मृतिः वेदको अर्थ अनुकुल गरिएको स्मरण स्मृति हो । यी परंपरागत रूपमा चलिआएका हिन्दु सनातन धर्मका धार्मिक साहित्य हुन् । बैद्धिक वाङ्मयमा स्मृतिहरूको सङ्ख्या कति छ भन्ने कुरा खोजको विषय हो । हाल प्राप्त स्मृतिहरूमध्ये विष्णु स्मृति, मनुस्मृति, अंगिरास्मृति, व्यासस्मृति, गौतमस्मृति आदि प्रमुख मानिन्छन् (दुवे, १९८८) । उल्लिखितमध्ये पनि यज्ञवल्क्य स्मृतिलाई विशेष महत्त्वपूर्ण स्मृति ग्रन्थहरूको रूपमा लिइन्छ ।

स्मृति ग्रन्थहरूले जीवन र जगतका विभिन्न आयामका बिधानहरू प्रस्तुत गरेका हुन्छन् । हिन्दु धर्म, संस्कृति, परम्परा र आचरण सम्बन्धित विधानको स्रोत नै स्मृति ग्रन्थहरू हुन् । उपलब्ध स्मृति ग्रन्थहरू मध्य यज्ञवल्क्य स्मृतिमा पाउन सकिने शिक्षामा गुरूको भूमिका विषयमा यहाँ चर्चा गरिएको छ ।

## यज्ञवल्क्य स्मृतिः समग्र सामाजिक जीवन दर्शन

प्राचीन जनकपुर नामक राज्यको आसपासमा त्यस समयमा अति प्रकाण्ड विद्वान्को पहिचान बनाएका एक ऋषि को नाम हो याज्ञवल्क्य । उनी वेदका ज्ञाता थिए र ब्रह्मवेत्ता सद्गुरु थिए भन्ने विश्वास गरिन्छ । ऐतिहासिक राज्य जनकपुरका राजा जनकले पनि उनीसँग शास्त्रज्ञान लिने गरेका थिए भन्ने कथाहरू प्रचलित छन् । राजा जनकले विद्वानहरूको सभा बोलाई ज्ञानको विषयमा बारम्वार छलफल गर्न लगाउँथे । एक पटक राजा जनकले विद्वानहरूको सभामा घोषण गरे "यो सभाको सबैभन्दा विद्वान् व्यक्तिले एक हजार गाई उपहार पाउनेछ, ती प्रत्येक गाईको दुवै सिङमा सुवर्ण मुद्रा जडित छन् ।" राजाको घोषणपछि एकजना ऋषिले आफ्ना शिष्यलाई आदेश दिए - "हे शिष्य गाई लिएर आश्रमतर्फ जाउ ।" त्यहाँ उपस्थित विद्वान्हरू आश्चर्यमा परे । त्यसपछि शास्त्रार्थ (शास्त्रसँग सम्बन्धित छलफल) भयो ती ऋषिलाई कसैले जित्न सकेन । त्यसपछि एउटी १८ वर्षकी विदुषी गार्गीसँग उनको शास्त्रार्थ भयो । गार्गीलाई पनि पराजित गरी उनले हजार गाई जितेरै छोडे । ती ऋषि नै यज्ञवल्क्य थिए । तिनै ऋषिद्वारा रचित ग्रन्थहरूमध्ये एक ग्रन्थको नाम याज्ञवल्क्य स्मृति हो । स्मृति ग्रन्थहरूमध्ये मनुस्मृति भन्दा पछिको सर्वाधिक महत्त्वपूर्ण मानिएका ग्रन्थ याज्ञवल्क्य स्मृति हो । यो स्मृति हिन्दु धर्म सम्बन्धी विषयहरूको सङ्ग्रह हो (दुवे १९८८, पे.३) ।

यो ग्रन्थ मूल रूपमा तीन अध्यायमा विभक्त छ । ती तीन अध्यायमध्ये पहिलोलाई आचार अध्याय, दास्रोलाई व्यवहार अध्याय र तेस्रोलाई प्रायाश्चित अध्यायको नाम दिइएको छ । पद्यमा लेखिएको यस ग्रन्थमा जम्मा एकहजार श्लोक छन् (दुवे १९८८, पे.३) । आचार अध्यायमा १३ प्रकरण (खण्ड) छन् । जसमा चौध विद्या, धर्म, संस्कार, बह्मचारीका नियम, विवाह संस्कार, गृहस्थको कर्तव्य, अतिथि संस्कार, चारै वर्णको कर्तव्य, आचारण सम्बन्धी सिद्धान्त, स्नातकको कर्तव्य आदि विषयहरू छन् । व्यवहार अध्यायमा २५ प्रकरण छन् । जसमा राज्य सञ्चालन, न्याय, मृत्यु सम्बन्धी संस्कार, सन्यास आश्रमका नियम, मानव शरीरको संरचना, आत्मा तथा आत्मज्ञानक साधानहरूको विषयमा चर्चा गरिएको छ ।

यज्ञवल्क्य स्मृतिमा समावेश भएका विषयहरू वास्तवमा प्राचीन मानव सभ्यताका नियम/कानुन हुन् । मानिसले गर्नुपर्ने कर्म, धर्म नीति, विद्या र संस्कार सम्बन्धि नियमहरू पालन गरी स्वच्छ र शान्तिपूर्ण सामाजिक जीवन यापन गर्न यस स्मृतिले निर्देशित गरेको छ । यसमा उल्लेख गरिएका कतिपय नीति तथा नियमहरू आजको

आधुनिक, भौतिकवादी र उपभोगमुखी सामाजिक जीवनमा कम उपयोगी हुन सक्छन् । तर कतिपय विषयहरू आज पनि व्यक्तिकै उपयोगी र अनुकरणीय छन् । यसका साथै प्राचीन आर्यसंस्कृतिको अध्ययन गर्न चहाने विद्वान वर्गका लागि यस स्मृतिमा धेरै महत्त्वपूर्ण विषयहरू निहित छन् । प्राचीन राजनैतिक व्यवस्थाको चित्र पनि यसमा छन् । त्यसैले यो स्मृति विषयवस्तुका दृष्टिकोणले सम्पन्न छ । यो वास्तव मा एक समग्र सामाजिक जीवनको दर्शन हो । यसैद्वारा प्राचीन आर्य समाज सञ्चालित थियो ।

## यज्ञवल्क्य स्मृतिमा गुरु वा आचार्य

याज्ञवल्क्य स्मृतिमा समाजशास्त्रीय ज्ञानहरू धेरै छन् । त्यस भित्र दर्शन र आचरण शास्त्रसँग सम्बन्धित ज्ञान पनि छन् । साथै शिक्षा शास्त्रीय चिन्तन पनि यस स्मृतिको एक पक्ष हो । यस स्मृतिमा शिक्षको अर्थ, महत्त्व, सिकाइका विषयवस्तु, सिकाइका तरिका, शिक्षामा गुरु तथा शिष्यको भूमिका जस्ता विषयवस्तुहरू समेटिएका छन् । शिक्षा दर्शनमा पनि यस्तै विषयवस्तु समाविष्ट हुने भएकाले यस स्मृतिलाई शिक्षा दर्शनको श्रेणीमा राख्न सकिन्छ । ती विविध शैक्षिक चिन्तन मध्ये यस लेखमा केवल गुरु वा आचर्य को विषय मा मात्र छलफल गरिएको छ ।

स्मृतिकालीन समाजमा शिक्षाका केन्द्र गुरूकुल वा आचार्य कुल थिए । आआफ्नो कुल परम्परा अनुसार उपनयन संस्कार सम्पन्न भए पछि ब्रह्मचारीहरू शिक्षा प्राप्त गर्नका लागि गुरुकुल जान्थे र गुरुको सेवा गर्दै शिक्षा आर्जन गर्दथे । त्यस समयको गुरुकुलमा गुरूहरू विभिन्न किसिमका हुन्थे भन्ने बिषय याज्ञवल्क्य स्मृतिमा उल्लेख गरिएको छ ।

स गुर्रूयः क्रियाः कृत्वा वेदम् अस्मै प्रयच्छति ।<br>
उपनीय ददद् वेदम् आचार्यः स उदाहृतः ॥ १.३४ ॥<br>
एकदेशम् उपाध्याय ऋत्विग् यज्ञकृद् उच्यते ।<br>
एते मान्या यथापूर्वम् एभ्यो माता गरीयसी ॥ १.३५ ॥

यी श्लोकहरूको भावार्थ हो–उपनयनसम्मका संस्कारहरू गराएर ब्रह्मचारीहरूलाई वेदको शिक्षा दिनेलाई गुरु भनिछ । उपनयन संस्कार मात्र गराई वेद पढाउनेलाई आचार्य भनिएको छ ।३४। वेदको एक भागको (वेदाङ्ग) मात्र शिक्षा दिने उपाध्याय हुन्छ । यज्ञ सम्बन्धी कर्म गराउने लाई ऋत्विज् भनिन्छ । यी तीन क्रम अनुसार पूज्य हुन्छन । यी सबैभन्दा अधिक पूजनीय माता हुन्छिन ।३५। स्मृतिमा उल्लिखित यी कथनहरूले चार किशिमका गुरुहरूको अस्तित्व (माता, गुरु, उपाध्याय र ऋत्विज्) लाई स्वीकार गरेको देखिन्छ । स्मृतिमा उल्लिखित यी लगायत अन्य बिषयवस्तुलाई हेर्दा यी चार गुरुहरूको विषयमा निम्न व्याख्या गर्न सकिन्छ :

***माताः*** यस स्मृतिमा मातालाई सर्वाधिक आदरणीय गुरु मानिएको छ । किनकि गुरुकुल जानु पूर्वको बालबालिकाको प्राम्भिक शिक्षाको दायित्व माताको हुन्छ । यसै समयमा बालबालिकाले विभिन्न जीवन उपयोगी ज्ञान तथा सीप मातावाट सिकिसकेका हुन्छन् र उनीहरूको भावी सिकाइको आधार यहींवाट तयार भएको हुन्छ । त्यसैले स्मृति ग्रन्थले पनि मातालाई पहिलो गुरु कै रूपमा स्वीकार गरेको हुनुपर्छ र सर्वाधिक पूजनीय मानेको हुनुपर्छ ।

***गुरुः*** गुरु पूर्वीय चिन्तन परम्परामा ज्यादै लोकप्रिय र सम्मानित शब्द हो । गुरु भन्ने शब्दको शाब्दिक अर्थ 'अन्धकार निरोधक' हो । यस अर्थले ज्ञान वा शिक्षा दिई अज्ञानताको अन्धकारबाट शिष्यलाई ज्ञानको प्रकाशमा ल्याउने व्यक्तिलाई गुरु भनियो । यस स्मृतिमा गुरूको अर्थ अझ व्यापक देखिन्छ । वैदिक चिन्तन परम्परामा मानिसको जन्मदेखि मृत्युपर्यन्त १६ संस्कार गर्नपर्ने शास्त्रीय विधान छन् । यी संस्कारमध्ये बालकको नामकरण, अन्नप्राशन, चूडाकर्म र उपनयन संस्कार समेत गराएर ब्रह्मचारीलाई वेद पढाउने मानिसलाई यस स्मृतिले गुरु

भनेको छ । अर्थात् जसले आफ्नो यजमानको घरमा जन्मिएको बालकको वैदिक विधिअनुसारका संस्कारहरू समेत गराउँछ बालकलाई शिक्षा दिने कार्य गर्ने मानिस गुरु हुन्छ । यहाँ गुरुसँग पारिवारिक सम्बन्ध देखिन्छ । सांस्कृतिक सम्बन्ध देखिन्छ । यी सम्बन्धका साथै जो व्यक्तिले शैक्षिक सम्बन्ध (वेदको शिक्षा दिने) समेत बनाएको हुन्छ, त्यो व्यक्ति नै गुरु हुँदोरहेछ । त्यसबेला यस्तो दायित्व निर्वाह गर्ने गुरूको उपलब्धता पनि थियो होला । आजको युगमा सायद यी सबै दायित्व वहन गर्ने गुरू उपलब्ध हुने सम्भावना देखिँदैन ।

***आचार्य:*** सामान्यतया आचार्य शब्दको अर्थ अध्यापक वा गुरु वा आध्यात्मिक गुरु वा विद्वान् वा पण्डित (आप्टे..) भन्ने हुन्छ । याज्ञवल्क्य स्मृतिमा ब्रह्मचरीको उपनयन संस्कार गराई उसलाई वेदको शिक्षा दिने व्यक्तिलाई उपाध्याय भनिएको छ । मनुस्मृति (२.१४०) मा पनि यस्तै भाव उल्लेख भएको पाइन्छ । यी कथनहरू का आधारमा भन्न सकिन्छ कि ब्रह्मचारीको उपनयन (व्रतबन्ध) सम्बन्धी कर्म मात्र गराएर (बाँकी अघिल्ला संस्कारहरू अरूद्वारा गराइएको) वेद पढाउने व्यक्ति आचार्य हो । गुरुको तुलनामा आचार्यको सामाजिक र सांस्कृतिक दायित्व पनि कम छ । तर वेद पढाउने भूमिका समान छ ।


***उपाध्याय:*** उपाध्याय शब्दले सामान्यतया पारिश्रमिक प्राप्त गर्नका लागि वेदको कुनै भागको शिक्षण गर्ने व्यक्ति (आप्टे) जनाउँछ । यस स्मृतिमा भनिएको छ (वेदको कुनै अङ्ग वा भाग को शिक्षा दिने व्यक्ति उपाध्याय हो । मनुस्मृति (२.१४१) मा पारिश्रमिक प्राप्त गरी वेदको कुनै एक भाग पढाउने अध्यापकलाई उपाध्याय भनिएको छ । यसर्थ उपाध्यायले वेदको कुनै एक भागमा मात्र शिक्षण गर्दोरहेछ । शिक्षण गरेबापत उसले पारिश्रमिक प्राप्त गर्दो रहेछ । त्यसैले होला तीन किसिमका अध्यापकमध्ये उसको सम्मानको स्थान पनि कम हुँदोरहेछ ।

***ऋत्विज्:*** ऋत्विज् भनेको योग्य सम्बन्धी कार्य गराउने व्यक्ति वा पुरोहित हो (आप्टे) । याज्ञवल्क्य स्मृतिमा पनि यज्ञ कर्म गराउनेलाई नै ऋत्विज् भनिएको छ । ऋत्विज् अर्थात् पुरोहितको प्रत्यक्ष पढाउने काममा संलग्नता चाहिँ नहुने देखिन्छ तर यजमानको कल्याणका लागि यज्ञ गराउने कार्य पुरोहितले गराउँछन् । यज्ञ सम्पादन गर्ने क्रममा गरिने विविध गतिविधि अवलोकन गरी बालबालिकाले जीवन उपयोगी सीपहरू सिकिरहेका हुन्छन् । योग्य गराउने ज्ञान सीप (कर्मकाण्ड सम्बन्धी) सिक्ने खुला प्रयोगशाला यज्ञ नै हो । त्यसैले पुरोहितले सम्पादन गर्ने काम वा क्रियाकलापहरूबाट पनि बालबालिकामा सिकाइ हुने भएकोले उनीहरूलाई शिक्षकका रूपमा हेर्नुं सान्दर्भिक छ । साथै यजमानको कल्याणका लागि काम गर्ने भएकाले ऊ सम्मानयोग्य पनि छ ।

माथि चर्चा गरिएका पाँच वटा व्यक्तित्वहरूको सम्मानको विषयमा पनि याज्ञवल्क्य स्मृतिमा चर्चा गरिएको छ ।

***चित्र १ :*** *याज्ञवल्क्य स्मृतिमा सम्मानितहरूको सम्मानको सोपान*

यस चित्रले मातालाई सर्वाधिक पूजनीय व्यक्तित्वको रूपमा चित्रण गर्छ । त्यसपछि गुरु, आचार्य, उपाध्याय र ऋत्विज् क्रमश: अधिकदेखि न्यून पुजनिय क्रममा छन् । पूजनीयताको यो सोपानले हाम्रो सांस्कृतिक परम्पराले माता तथा गुरुहरूलाई प्रदान गरिने उच्च सम्मानको अवस्था बोध गराउँछ ।



याज्ञवल्क्य स्मृतिले गुरु तथा आचार्यलाई अति सम्मानीय, कल्याण कारक र महान व्यक्तित्वका रूपमा चित्रण गरेको छ । ब्रह्मचारी शिष्यहरूले निर्वाह गर्नुपर्ने कर्तव्यको विषयमा उल्लेख गरिएका श्लोकहरूले गुरुको महानता पुष्टि गर्छन । ती श्लोकहरूमा भनिएको छः

ततोऽभिवादयेद् वृद्धान् असाव् अहम् इति ब्रूवन् ।
गुरूं चैवाप्य् उपासीत स्वाध्यायार्थं समाहितः ॥ १.२६ ॥
आहूतश् चाप्य् अधीयीत लब्धं चास्मै निवेदयेत् ।
हितं तस्याचरेन् नित्यं मनोवाक्कायकर्मभिः ॥ १.२७ ॥

यी श्लोकहरूको भाव हो -श्रेष्ठ व्यक्तिहरूलाई प्राणम गर्नु, अध्यायनमा दत्तचित्त हुनु, गुरुको सेवा गर्नु, गुरुको आज्ञा अनुसार अध्ययन गर्नु, जे प्राप्त हुन्छ (दान तथा भिक्षामा) गुरुलाई अर्पण गर्नु, मन, वचन र कर्मद्वारा गुरुको अनुकुल आचरण गर्नु । (१.२६-२७) । यसरी नै गुरु सम्मानको सीमा सम्बन्धी विषयमा भनिएको छ- गुरूमाथिको मिथ्या आरोप, वेदको निन्दा, मित्र-हत्या, शास्त्र अध्ययनको विस्मरण यी सबै ब्रह्महत्या समान छन् । स्मृतिमा अगाडि भनिएको छ– गुरु तथा मान्यजनलाई क्रोधपूर्वक गाली गरियो भने तुरुन्तै उनीहरूको पाउ परी क्षमायाचना गर्नु (३.२९१) ।

माथि उल्लिखित कथनहरूले गुरुको महिमा उजागर गरेका छन् । यहाँ गुरु केवल श्रेठ व्यक्ति मात्र होइन आदरणीय छन् । सेवा गर्न योग्य छन् । छन् । उनको आज्ञापालन कल्याणकारक छ । उनीप्रति बिश्वासका साथ अर्पण गर्न सकिन्छ । उनीप्रति समर्पित हुन सकिन्छ किनकि उनले कहिल्यै विश्वासघात गर्दैनन् । उनी कहिल्यै आरोप योग्य हुदैनन् । गुरुप्रति कहिल्यै क्रोध सिर्जना हुँदैन । गुरु सर्वकल्याणका लागि सदैव लगनशील र प्रतिबद्ध हुन्छन् ।

के गुरुमा हुनुपर्ने भनिएका यी गुणहरू उपयोगी छन् ? के आज भोलि यस्ता विशेषता भएका गुरुको उपलब्धता छ ? यस्ता गुरुहरूको उपलब्धताले शिक्षा व्यवस्थामा कस्तो प्रभाब पर्थ्यो होला ? यी सबलहरू प्राज्ञिक दृष्टिले विचरणिय देखिन्छन् ।

याज्ञवल्क्य स्मृतिमा केवल गुरुको महानता मात्र प्रस्तुत गरिएको होइन, यसले त गुरु शिष्य बीच घनिष्ठ सम्बन्धको आवश्कता छ भन्नेकुरा को वकालत समेत गर्दछ ।

उक्त स्मृतिले एक प्रसङ्गमा भनेको छ–कृच्छ्रत्रयं गुरूः कुर्यान्म्रियते प्रहितो यदि (३.२८३) । यसको अर्थ हो–कुनै काम गर्नका लागि पठाइएको शिष्यको यदि कार्यसम्पादनका क्रममा मृत्यु भएमा गुरुले तीन दिन असौच (जुठो) वार्नु । यस कथनले गुरु-शिष्यको पारिवारिक सम्बन्धलाई उजागर गर्दछ ।

याज्ञवल्क्य स्मृतिमा गुरु एक स्वयम्सेबी पेसा देखिन्छ । गुरुकुलको शिक्षा सम्पन्न गरेर घर फर्किन चाहाने ब्रह्मचारी ले पालन गर्नँपर्ने नियम उल्लेख गर्ने क्रममा भनिएको छ–

गुरवे तु वरं दत्त्वा स्नायाद् वा तदनुज्ञया ।
वेदं व्रतानि वा पारं नीत्वा ह्य् उभयम् एव वा ॥ १.५१ ॥

यसको भाव हो–वेद वा ब्रत सम्पन्न गरेर अर्थात् वेद अध्ययन सम्पन भएपछि, गुरुलाई यथा शक्ति दक्षिण दिई स्नान गर्नँ । यस भनाइ को आशय के हो भने गुरुकुलको अध्ययन पुरा भएपछि मात्र गुरुले दक्षिण लिन्छन्, त्यसको कुनै दर भाउ छैन । शिष्यले जति दिन सक्ने हो त्यतिनै लिने हो । दिने सामथ्र्यता रहेनछ भने नलिने हो । आज भोलि जस्तो पहिले नै शुल्क लिएर पढाउने होइन ।

यस प्रकार यज्ञवल्क्य स्मृतिले समाजका विभिन्न आयामहरूमा उपयोगी विषयहरू प्रस्तुत गरेको छ । उक्त स्मृतिमा पाउन सकिने विषयवस्तुमध्ये शिक्षाशास्त्रीय चिन्तन पनि एक महत्त्वपूर्ण पक्ष हो । यस स्मृतिले शिक्षक वा गुरुहरूका किसिम, गुरुहरूमा हुनुपर्ने गुणहरू र गुरु शिष्य सम्बन्धको बिषयमा घतलाग्दा विचारहरू दिएको छ । कतिपय विषयहरू आज सान्दर्भिक छैनन होला । तर कतिपय विषयहरू आज पनि त्यत्तिकै उपयोगी र सान्दर्भिक हुनसक्छन् ।

## उपयोगिता

पूर्वीय चिन्तन परम्परामा विकास भएका शास्त्रहरू तत्कालीन सामाजिक जीवनका प्रतिबिम्ब हुन् । ती शास्त्रहरू तत्कालीन समाजको आवश्यकताले जन्माएका हुन् । त्यस बेलाका लागि यी शास्त्रहरू धेरै उपयोगी थिए होला । त्यही मात्रामा आज पनि उपयोगिता छ भनी दावी गर्न त सकिँदैन । तर यी शास्त्रहरूमा समेटिएका कतिपय विषयवस्तुहरू आज पनि उपयोगी छन् ।

यस लेखमा केवल गुरु सम्बन्धी विषयवस्तुको चर्चा मात्र गरिएको छ । विषयवस्तु सानो भएता पनि यस लेखमा चर्चा गरिएको विषयवस्तुले हाम्रा पौराणिक ग्रन्थहरूको सम्पन्नता र महानताको बोध हुन्छ । इतिहासको गर्भमा हराउन थालेका विषयमा जानकारी प्राप्त हुनु नै यसको मूल उपयोगिता हो । तत्कालीन समाजमा गुरूको स्थान कस्तो थियो ? भन्ने प्रश्नको उत्तर यस लेखले उपलब्ध गराएको छ । पाठकहरूलाई पौराणिक ग्रन्थहरूको अध्ययनका लागि यसले उत्प्रेरणाको काम गर्नेछ । आधुनिक शिक्षा प्रणाली र गुरुकुल शिक्षा प्रणालीका बीच तुलनात्मक अध्ययन गर्न चाहनेहरूका लागि यो एउटा स्रोत सामग्री हुनसक्छ । प्राज्ञहरू तथा प्राज्ञिक निकायहरूलाई हाम्रा पुराना शास्त्रहरूमा अध्ययन अनुसन्धानमा ध्यान दिन र बहस सुरु गर्न यस लेखले ऊर्जा प्रदान गर्नेछ । शिक्षकको पेसागत विकासको पाठ्यक्रममा पनि यस्ता विषयहरूको उपयोग गर्न सकिनेछ ।

## निष्कर्ष

वैदिक चिन्तन परम्परामा समाज व्यवस्थापनका लागि सृजना भएका ग्रन्थहरूको रूपमा स्मृति ग्रन्थहरूलाई लिन सकिन्छ । तत्कालीन समाजको सामाजिक नीतिका रूपमा विकसित ती ग्रन्थहरूले मानव जीवनका विविध आयामहरू समेटेका छन् । तीमध्येको एक याज्ञवल्क्य स्मृति हो । यसमा शिक्षासम्बन्धी विषयहरू पनि समाविष्ट छन् । त्यसभित्रको गुरुसँग सम्बन्धित विषयमा गरिएको चर्चाले हाम्रो प्राचीन समाजको शिक्षा परम्परामा शिक्षकको भूमिका र दायित्व सम्बन्धी विषयको बोध हुन्छ । प्राचीनकालदेखि महान भूमिकामा रहेको गुरु आज शिक्षक भएको छ । उसका भूमिका र दायित्वहरू वेग्लै तरिकाले परिभाषित भएका छन् । हामीले गुरु गुमाएका छौं । शिक्षक पाएका छौं । हामी भएर पनि नभए जस्ता भयौं । हामीले आफूलाई घृणा गरी अरूलाई राम्रो देख्यौं । यो भूलको परिणाम देखिन थालेको छ । त्यसैले हाम्रा पुर्खाहरूले व्यवहारको कसीमा जाँचेर प्रमाणित गरेका हाम्रा ज्ञान सम्पदाहरू हराउन दिनु हाम्रो दायित्व हो । राज्यले तथा शैक्षिक निकायहरूले यस्ता पौराणिक सम्पदाहरूको जगेर्ना गर्ने विषयमा ध्यान नदिने हो भने हाम्रा सन्ततिहरू यसबाट वञ्चित हुनेछन् ।

## सन्दर्भग्रन्थ सूची

आचार्य, रामनारायण (१९८५). *श्रीमद्योगीश्वरमहर्षियाज्ञवल्क्यप्रणीता याज्ञवल्क्यस्मृति.* दिल्ली: नग पब्लिसर्स ।

आप्टे, वामन शिवराम (१८९०). *संस्कृत हिन्दी कोश.* दिल्ली : मोतीलाल वनारसीदास ।

दुवे, राजदेव (१९८८). *स्मृतिकालीन भारतीय समाज एवं संस्कृति (याज्ञवल्क्य स्मृति के विशेष सन्दर्भ मे).* दिल्ली : प्रतिभा प्रकाशन ।

पाण्डेय, उमेशचन्द्र (२०५०). *याज्ञवल्क्य स्मृतिः विज्ञानेश्वरप्रणित 'मिताक्षरा' व्याख्यया 'प्रकाश' हिन्दी व्याख्यया च विभूषिता,* पञ्चम संस्क. वाराणसी : काशी संस्कृत ग्रन्थमाला १७८, चौरव संस्कृत संस्थान ।

द्विवेदी, गिरिजाप्रसाद (अनु.) (सन् १९१७). *मनुस्मृति अर्थात् मानव धर्मशास्त्र*. लखनउ : वाबु मनोहरलाल भार्गव ।

Crotty, M. (1998). *The foundations of social science research*. St. Leonards, New South Wales: Allen and Unwin.

Ghimire, Janardan (2017). *Educational Perspectives in the Bhagavad Gita.* (Unpublished PhD dissertation) Nepal Sanskrit University, Research Centre, Bhaktapur, Nepal.

Oliver, I. (1983). The ‘old' and the ‘new' hermeneutic in sociological theory. *The British journal of sociology, 34, (4)*. Blackwell Publishing, The London School of Economics and Political Science. http://www.jstor.org.

Rukmani,T.S. (2008). Philosophical Hermeneutics within a Darśana (Philosophical School). *The Journal of Hindu Studies,* (1)*,* pp.120–137. Retrieved from oxfordjournals.org

Setlur, S. S. (1912, edit.). *The Mitakshara Visvarupa Suvodhini and Balambhatti*. Madras: Brafmavadian Press.

Srisa, Rai Bahadur & Vidyarnava, Chandra (1918 Trans.). *Yajnavhlkya Smriti with the commentary of Vijaneshawar. Book I. The Achara Adhyaya*. Bahadurganj: The Panini office, Bhuvaneswari Asrama.

❑